## चामुण्डाविन्द्रासैनी नगरपालिका दैलेखको

# आ.व.२०८३।०८४ को नीति तथा कार्यक्रम

चामुण्डाविन्द्रासैनी नगरपालिका

जम्बुकाँध, दैलेख

# आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम

**चामुण्डबिन्द्रासैनी नगरपालिकाका नगर उप प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरू, नगरपालिकाका कर्मचारीहरु, पत्रकारहरू एवम् उपस्थित सम्पूर्ण महानुभावहरू !**

सर्वप्रथम त म प्रजातान्त्रिक व्यवस्था स्थापना देखि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र भ्रष्ट्राचार नियन्त्रण, सुशासन, पारदर्शिता र जनमुखी शासन व्यवस्थाको लागि गत भदौ २३/२४ गते भएको नवयुवा आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित यस सभामा स्मरण गर्दछु ।

ऐतिहासिक जनआन्दोलनको जगमा स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई दिगो शान्ति, स्थायीत्व, विकास, समृद्धि, सामाजिक न्याय र समाजबादतर्फ अघि वढ्न अवसर दिएको छ । चामुण्डाविन्द्रासैनी वासीको परिवर्तनको चाहाना एवं विकास र समृद्धिको सपनालाई सार्थक बनाउने बाटो खुलेको छ । सामाजिक न्याय सहितको बहुआयामिक आदर्श समाज एवं तिव्र विकासद्वारा **समृद्ध नेपालः सुखी नेपाली**को राष्ट्रिय आकांक्षासँग हातेमालो गर्दै **"समृद्धिसँगको नाताः समग्र विकास र सुशासनमा एकता"** भन्ने मूल रणनीतिक सोचका साथ नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रद्धत्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का प्रावधान, सोह्रौं पञ्चबर्षीय योजना, दिगो विकास लक्ष्य, दिर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यसंग तादम्यता हुने गरी आवश्यकता, साधन श्रोतको उपलव्धता, संस्थागत क्षमता समेतको आधारमा आगमी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेटको तय गर्ने प्रयास गरीएको छ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

नेपालको संविधान बमोजिम स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधीमूलक स्थानीय तहको स्थापना भएको दोश्रो कार्यकालको चौथो वर्षमा छौ । आजका दिनसम्म आइपुग्दा हामीले विभिन्न समयमा सर्वदलिय, सर्वपक्षीय बैठकहरु, स्थापना दिवस, नीति तथा कार्यक्रमको लागि सुझाव संकलन, बालिका सम्मेलन समेत गरेर सरोकारवाला सबैबाट प्राप्त राय सुझावहरुलाई समेटर चामुण्डाविन्द्रासैनी नगरपालिकाको स्थानीय सरकारले यस नगरपालिकामा रहेको सीमित, स्रोत साधनलाई अधिकतम उपयोग गरी दिगो विकासका लागि चामुण्डाविन्द्रासैनी नगरबासीको आकाँक्षा पुरा गर्न **भौतिक पूर्वाधार, व्यवसायिक कृषि, पशुपालन, पर्यटन र सहकारी क्षेत्रलाई उत्पादनमुखी र आत्मनिर्भर** बनाइ आर्थिक विकास गर्दै गरीवी न्यूनीकरण गर्ने प्रमुख नीति लिइनेछ । चामुण्डाविन्द्रासैनी नगरपालिका दैलेखको विकास र समृद्धिका लागि **यहा नगरे कहाँ गर्ने ? अहिले नगरे, कहिले गर्ने ? हामीले नगरे कस्ले गर्ने ? अब पर्खेर र झर्केर होइन रचनात्मक र सिर्जनात्मक रुपमा सबैको साथ र सहयोबाट नै चामुण्डाविन्द्रासैनी नगरवासीको मुहारमा उज्यालो क्रान्ति ल्याउन सकिन्छ** भन्ने विश्वासका साथ सदा समर्पित रहिरहने छौं । यस वर्ष योजना छनौटका सबै चरणहरु स्थानीय टोल/वस्तीहरुबाट योजनाहरु संकलन गर्ने र वडा तहमै योजनाको प्राथमिकीकरण गरेर प्राप्त भएका योजना तथा कार्यक्रमलाई समेटेर दिगो विकासका लागि दिर्घकालिन सोचका साथ त्यसैका आधारमा **अल्पकालिन तथा दिर्घकालिन योजनाहरु** तयार गरी विकास र समृद्धिलाई अघि बढाउने प्रयासको थालनी गरीएको छ। हामी वि. स. २०८४ सम्ममा अदम्य उत्साह र स्वस्थ वातावरणमा बसोबास गर्ने मध्यम वर्गीय न्यूनआय भएका परिवारहरूलाई चलायमान, व्यवसायमैत्री, न्यून र घट्दो निरपेक्ष गरीबी एवम् मध्यम आयस्तर भएको नगरपालिकाको रूपमा स्थापित गर्न चाहन्छौं । चामुण्डाविन्द्रासैनी नगरपालिकाका सामाजिक, आर्थिक, सांस्कृतिक विकासमा पछाडि परेका वर्ग महिला, दलित, अति विपन्न, आदिवासी जनजाती, सीमान्तकृत, असाय अपाङ्ग एवं विकट भौगोलिक क्षेत्रका जनतालाई सेवा सुविधा प्रदान गर्नु र हाम्रा भौतिक संरचनाहरुको विकास गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु

आजको आवश्यकता रहेको छ । संघ, प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्य र सह अस्तित्वलाई देहायका मुल रणनीतिहरु अवलम्वन गरिनेछ ।

१ **"स्थानीय विकासका लागि नागरिक र नागरीकको लागि स्थानीय सरकार"** को भावनालाई अनुभुति दिलाइने छ।

२ **"स्थानीय उत्पादन र उद्यममा वृद्धिः यसैमा छ समृद्धि"** नाराका साथ कृषि तथा पशुपालनलाई विशेष जोड दिईनेछ ।

३ **"स्वच्छ, सफा र व्यवस्थित नगरः चामुण्डाबिन्द्रासैनी रहर"** लाई आत्मसात् गर्दै नगरलाई व्यवस्थित र शहरोन्मुख विकासलाई तीब्रता दिईने ।

४ नगरपालिकाको पाँच वर्षे आवधिक योजना र मध्ययम कालिन खर्च संरचना तयार गरिने छ ।

५ यस नगरपालिकामा योजना छनौटलाई प्रभावकारी बनाउन आयोजना बैंक तयार गरिनेछ।

६ नयाँ सोच, शैली र प्रविधिमैत्री विधिबाट सामाजिक, आर्थिक, पूर्वाधार र प्रशासनिक सेवा प्रवाहलाई डिजिटल बनाउँदै स्मार्टपालिकाको परिकल्पना गरिनेछ ।

७ स्थानीय कला, संस्कृति, पर्यटन, पुरातात्विक वस्तुहरुको विकास, संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

८ संघीय र प्रदेश सरकारहरूबीचको समन्वय र सहकार्यमा नेपालको संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्न टेवा पुऱ्याउने,

९ चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै पुँजीगत खर्चमा वृद्धि गर्ने।

हामी चामुण्डाविन्द्रासैनीका नगरवासीको आकांक्षालाई आत्मसाथ गर्दै चामुण्डाबिन्द्रासैनी आफ्नै पहिचान र मोडलमा विकास गर्ने प्रयास गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**
अब म क्षेत्रगत रुपमा नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**一) आर्थिक विकास क्षेत्र**

कृषि तथा खाद्य सुरक्षा

一. कृषिमा आधुनिकीकरण, व्यवसायीकरण तथा यान्त्रीकरण गरेर कृषि व्यवसायलाई आधुनिकीकरणमा प्रवर्द्धन गरिनेछ।

二. कृषि बालिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न  सामुहिक खेति प्रणालिमार्फत कृषियोग्य बाँझो जमिनको उपभोग गर्न प्रोत्साहन गर्ने तथा उन्नत जातका बिउ बिजनको सुनिश्चता गरिनेछ।

三. कृषकलाई मल विउ तथा कृषि औजार आवश्यकता अनुसार सहज तथा पर्याप्त मात्रामा उपलब्ध गराउने सुनिश्चता गरीने छ।

四. वास्तविक किसानहरुको पहिचान गर्न कृषि तथ्याङ्क अध्यावधिक तथा किसान सुचीकरण लगायत कार्यक्रमहरु सञ्चालन गरिनेछ।

五. कृषिमा नयाँ तथा आधुनिक प्रविधिको प्रयोग गरी उत्पादन लागत न्यूनीकरण प्रोत्साहन तथा प्रविधि प्रसार गर्नको लागि प्रविधि प्रदर्शन, उत्पादन प्रदर्शन लगायतका प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ।

六. कृषिलाई व्यवसाय बनाउन चाहने किसानहरुका लागि मागमा आधारित तालिम सञ्चालन गर्ने।

七. माटोको गुणस्तर परीक्षण गरी समग्रमा कृषि उत्पादन बढाउनको लागि जैविक मल उत्पादन र प्रयोगलाई जोड दिइने छ।

पशुपन्छी सेवा

八. चामुण्डाबिन्द्रासैनी नगरपालिका भित्रका पशुपन्छीपालन गर्ने किसानहरुको पशुपालन व्यवसायलाई आत्मनिर्भर, रोजगारमुलक मर्यादित साथै व्यवसायीकरण गर्दै यस पेशालाई थप लाभान्वित हुने गरी कृषकहरुको आयस्तर वृद्धि गर्न जोड दिइनेछ । साथै स्वस्थ पशुजन्य पदार्थहरुको उत्पादनलाई वृद्धि गरी पालिका भित्रको गरीबी निवारण र मानवीय पोषणमा गुणस्तर सुधार ल्याइ कुपोषण न्यूनीकरण गर्न पशुपालन व्यवसायलाइ प्रोत्साहान गरिनेछ ।

九. औषधीको व्यवस्थापन र त्यसको उचित सदुपयोग होस भन्ने हेतुले प्रयोगशालाको रिर्पोट अनुसार सहि र आवश्यक अनुरुपको उपचार गर्नका लागि पशु आधारभूत प्रयोगशाला भएको पशुपंन्छी उपचारकक्ष स्थापना गरिनेछ र प्रजनन,पशु स्वास्थ्यमा सुधार ल्याइ पशु उत्पादन वृद्धि गर्नुका साथै स्वच्छ तथा स्वस्थ उत्पादन गरी स्वरोजगार मुलक कृषक बनाउनमा टेवा पुऱ्याइनेछ ।

十. नविनतम प्रविधी जस्तै कृत्रिम गर्भाधानबाट उन्नत नश्लका पशु उत्पादन गरिनेछ र प्राकृतिक रुपमा उन्नत नश्लका साथै यस वाताबरण भित्र अनुकुल रहि उच्च उत्पादन दिन सक्ने नश्लको वृद्धि गर्नका लागि उन्नत जातको बोका तथा राँगो वितरण कार्यक्रम गरिनेछ ।

十一. संक्रमण रोग जस्तै PPR, Rabies, Lumpy e.t.c.को संक्रमण हुन नदिन र यी रोगहरुबाट हुने आर्थिक संकटलाई न्यूनीकरण गर्नको लागि विगतका बर्षमा झै पशु खोप कार्यक्रम सञ्चालन गरिनेछ र नयाँ लक्षण भएको रोगहरु जस्तै लम्पी स्किन डिजिज ,अफ्रिकन स्वाइन फिवर जस्ता प्रकृतिका रोगहरुबाट पशुधन क्षति हुन नदिन र पशु चौपायमा देखिनेमा महामारी जन्य रोगको नियन्त्रणका लागि उच्च सतर्कता सहित पूर्व तयारी गरिनेछ ।

十二. युवालाई स्वरोजगारमुलक बनाउन लागि व्यावसायिक कुखुरा,बाख्रा तथा भैसीपालन तालिम र गोठ तथा खोर सुधार कार्यक्रम साझेदारीमा गरी परम्परागत पशुपालन शैलीलाई आधुनीकरण बनाउनमा टेवा पुऱ्याइनेछ । पशु व्यावसायलाई व्यावसायीकरण गर्नका लागि आधुनिक तथा बैज्ञानिक तवरबाट पशुपालनमा जोड दिइ रैथाने पन्छी प्रर्वद्धन कार्यक्रम गरिनेछ र स्वस्थ मासुको बजारीकरण गर्नका लागि मासु पसल सुधार कार्यक्रम सञ्चालन र वधशाला निर्माण गरिनेछ ।

十三. यस चामुण्डा बिन्द्रासैनी नगरपालिका दुग्धजन्य पदार्थहरुको उत्पादन गरी अन्य पालिकाबाट भएको आयातलाइ न्युनिकरण गर्न र दुध दही तथा घिउमा पालिकालाइ आत्मनिर्भर बनाउनका लागि भैसी प्रर्वद्धन गरी भैसीपकेट क्षेत्र स्थापना गरिनेछ र यस कार्यक्रमबाट थप दिगो फाइदा लिनका लागि आउदो आर्थिक बर्षमा मिनिडेरी सञ्चालन गरी थप रोजगारको सिर्जना हुनेछ ।

十四. बृक्षारोपणका साथसाथै चरन क्षेत्रको विस्तार तथा व्यवस्थापन गर्नका लागि सार्बजनिक स्थल तथा चरन क्षेत्रहरुमा घाँस रोप्ने कार्यक्रम गरिनेछ ।

十五. बास्तविक पशु/समुह संख्याको एकिनले बजेट निमार्ण तथा संध, प्रदेश र संघ संस्थाहरु संग समवय गर्न सहज हुने हेतुले कृषि तथा पशुपन्छि तथ्यांक पुस्तिका निर्माण गरिनेछ र विगतका आर्थिक बर्षबाट सञ्चालित भएका अनुदान आधारित कार्यक्रमहरुको उपलब्धी र प्रभावकारिताको मुल्यांकन तथा सुपरिवेक्षण गर्नका लागि बजेटमा सुनिश्चित गरिनेछ ।

十六. पशुबाट सर्ने रोगहरुबाट मानवजीवनमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न रेबिज तथा जुनोटिक रोग सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

## सिंचाई तथा नहर

十七. साना तथा मध्यम सिँचाइ आयोजनाको विस्तार गरी कृषियोग्य जमिनमा वर्षभरि सिँचाइ सुविधा पुऱ्याइनेछ।

十八. कृषि सडक तथा उत्पादन संकलन केन्द्र निर्माणलाई प्राथमिकता दिइनेछ।

十九. जलवायु अनुकूल कृषि पूर्वाधार विकास गरिनेछ।

**पर्यटन तथा संस्कृति**

二十. **"पर्यटन र संस्कृतिः चामुण्डाबिन्द्रासैनी समुन्नती"** भन्ने मुल नाराका साथ पर्यटन प्रर्वद्धनका लागि बत्काचौर नगरपार्क, चामुण्डामाई भगवती, बिन्द्रासैनीमाई भगवती, पादुकास्थान पञ्चकोशी दर्शन, लामादुवाला गंगाजी स्नान, भैरवी तिर्थ स्थल, देउतीबज्यै, पूर्णमाला मन्दिर, भैरव मन्दिर, जम्बुको रुख, बस्तेकोट, बयलधौना हाडकोट, भम्पे गुफा, कालेखाला गुफा, भर्ताले गुफा. जल गुफा, खापरथान मन्दिर लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरी चामुण्डाविन्द्रासैनी नगरपालिकाको पहिचान तथा अर्थतन्त्रको आधारशिलाको रुपमा विकास गरिनेछ । यसको लागि **पर्यटन गुरूयोजना अनुसार पदमार्ग, पर्यटनमैत्री संरचना निर्माण तथा पर्यटन पूर्वाधार** निर्माणलाई अगाडि बढाइनेछ ।

二十一. नगरपार्कभित्र रहेको **सहिद स्मृति बाटिका निर्माण** गर्न विशेष पहल गरिनेछ । साथै नगरपार्कलाई ऐतिहाँसिक पर्यटकीय स्थलको रूपमा विकास गर्न पहल गरिनेछ ।

二十二. **पर्यटकीय गन्तव्य, पदमार्ग, होमस्टे** लगायतका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकासका कार्यक्रमलाई जोड दिदै पुरातात्विक सम्पदाहरुको उचित प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य बनाउने, **डकुमेन्ट्रि निर्माण** गर्ने, विद्युतीय सामाजिक सञ्जाल तथा टेलिभिजनबाट प्रसारण गरी पर्यटन क्षेत्रको विकासमा जोड दिईनेछ । परम्परागत संस्कार तथा संस्कृतिको संरक्षण गर्न **मिनि संग्रहालयको स्थापना** गरिनेछ।

二十三. चामुण्डाविन्द्रासैनी नगरपालिका भित्र प्रवेशहुने मुख्य सिमानाहरुमा **आकर्षक प्रवेशद्वार निर्माण** गर्न पहल गरिनेछ ।

二十四. स्थानीयस्तरमा रहेका होटल व्यवसायीहरुलाई प्रबर्द्धन गर्दै पर्यटन क्षेत्रका दक्ष जनशक्ति सहितको रोजगारी सिर्जनाका लागि नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठानसंग आवश्यक समन्वय गरिनेछ।

二十五. नगरपालिकाभित्र सञ्चालन गरीने मेला तथा महोत्सवलाई पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याउने गरी नियमन गरिनेछ ।

**उद्योग, ब्यापार र वाणिज्य**

二十六. **"हाम्रो नगरपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर"** भन्ने नारालाई साकार पार्न कर सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउदै आएकोमा यसलाई थप व्यवस्थित गर्न साना तथा ठूला व्यवसायलाई अनिवार्य रुपमा दर्ता एवम् नवीकरण हुनुपर्ने व्यवस्था गरिनेछ । उद्यमशीलता प्रवर्द्धनका लागि नगरपालिकामा नवीनतम् तरिका र प्रविधिबाट उद्योग व्यवसाय सञ्चालन गर्ने उत्कृष्ट उद्यमीलाई नवप्रवर्तन पुरस्कारद्वारा सम्मान गरिनेछ ।

二十七. नगरपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र वैज्ञानिक बनाइने छ ।

二十八. **चामुण्डाविन्द्रासैनी वडा नं. ६ लैनचौरमा रहेको खुल्ला क्षेत्रलाई संरक्षण गर्दै औद्योगिक ग्राम निर्माण गर्न** पहल गरिनेछ ।

二十九. उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ लगायत निजी क्षेत्रको व्यापार व्यवसायको संरक्षण र प्रवर्द्धनमा सक्रिय रहँदै आएका संघ संस्थाहरूसँग सहकार्य गरी उद्यमशीलताको विकास र व्यापार, व्यवसायको प्रवर्द्धन गरिनेछ ।

三十. यस नगरपालिका स्थित खानी तथा खनिजजन्य पदार्थहरुको उत्खनन्को लागि पहल गरिने छ ।

***भूमि व्यवस्था, सहकारी तथा वित्तिय व्यवस्थापनः***

三十一. **अबका सहकारीः उद्यम र उत्पादनमा साझेदारी** भन्ने नाराका साथ सबै सहकारीहरूलाई उद्यममा आबद्ध गराइने नीति लिइनेछ ।

三十二. हाल सहकारी प्रतिको विश्वास घट्दै गएकोमा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउँदै स्थानीय **सहकारी संस्थाको क्षमता अभिवृद्धि** गरी सहकारी संस्थाको अनुकुलता अनुसार मर्ज गर्ने, प्रवर्द्धन, परिचालन र विकास गरीने छ ।

三十三. सबै नागरीकहरुमा बैंक तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न **सघन रुपमा वित्तिय साक्षरता कार्यक्रम** सञ्चालन गरिनेछ ।

三十四. भूमि वर्गीकरण गर्न तयार भएको भू-उपयोग नीति निर्माण गरी कार्यान्वयन गर्दै लगिनेछ ।

三十五. **भूमिसमस्या समाधान आयोगको भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको समस्या समाधान गर्ने, जग्गाधनी प्रमाणपुर्जा र परिचयपत्र बितरण गर्ने** कार्य निरन्तर गरिनेछ ।

三十六. सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरीने छ । यसका लागि नगरपालिकामा गठित सार्वजनिक तथा सरकारी जग्गा संरक्षण समितिलाई थप क्रियाशिल बनाइनेछ ।

三十七. नगरपालिकाभित्र व्यक्तिको स्वामित्वमा रहेका सम्पूर्ण जग्गाहरुको उपयुक्त न्यूनतम मूल्याङ्कन दर कायम गरी घरहरुको अभिलेखीकरण गरिनेछ ।

**रोजगार प्रवर्द्धन तथा गरीवी न्यूनीकरण**

三十八. **"मिसन रोजगारी, दिगो रोजगारी र उद्यमशिलता प्रवर्द्धन" अभियानलाई** आत्मसाथ गर्दै वैदेशिक रोजगारबाट फर्किएका र गरिब तथा विपन्न वर्गका जनतालाई विशेष ध्यानमा राखि नगरपालिकाभित्र बसोबास गर्ने विपन्न तथा गरिबहरुको तथ्याङ्क संकलन तथा अभिलेखीकरण गरी गरीवी निवारणको लागि संघीय एवं प्रदेश सरकारसँगको आवश्यक समन्वयमा **राष्ट्रिय रोजगार कार्यक्रम, मुख्यमन्त्री कर्णाली रोजगार, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम, चामुण्डाविन्द्रासैनी रोजगार कार्यक्रम**लाई **कृषि, उद्यम र उत्पादनसंग** जोडेर रणनीतिक योजना अनुसार विभिन्न प्रत्यक्ष रोजगारीका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार रणनीति योजनालाई कार्यन्वयन गरिनेछ ।चामुण्डाबिन्द्रासैनी नगरपालिकामा सञ्चालन हुने विकास निर्माणका कार्यहरुलाई **राष्ट्रिय रोजगार कार्यक्रम तथा मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमसँग एकिकृत गरी सञ्चालन गरिनेछ ।**

三十九. **श्रमको सम्मानः राष्ट्रको अभियान** कार्यक्रम तथा रोजगार संवाद कार्यक्रम सञ्चालन गरिनेछ ।

四十. **'सक्षम श्रमिक, समृद्ध चामुण्डाविन्द्रासैनी, सुखी चामुण्डाविन्द्रासैनी** भन्ने भावना मुताविक नगरपालिकाक्षेत्रभित्र रहेका बेरोजगारहरुलाई **आफ्नो गाउँः समृद्ध बनाऔं** भन्ने कुरालाई सफल पार्न आफ्नो गाउँघरको विकास निर्माण कार्यमा परिचालन गर्दै रोजगारी सृजना गर्ने नीति लिइनेछ ।

四十一. रोजगार सेवा केन्द्र अन्तर्गत **एक घर एक रोजगार**को नीति अवलम्बन गरिनेछ । सुचीकृत रोजगार श्रमिकहरुको लागि बैंक खाता अनिवार्य र व्यवस्थित पार्दै लगिनेछ ।

四十二. नगरपालिकाभित्र बालश्रमको प्रयोगलाई पूर्णरूपमा निरूत्साहित गरी **बालश्रम मुक्त नगरपालिका घोषणा** गरिनेछ ।

四十三. नगरपालिकाभित्र बिभिन्न **विपद्जन्य घटनाबाट पीडित** हुन पुगेका व्यक्तिहरुको उद्धार तथा व्यवस्थापनको लागि स्वयम सेवक **युवाहरु परिचालन** गरिनेछ ।

四十四. गरीबी निवारणका लागि **मागमा आधारित लघु उद्यम विकास कार्यक्रम**लाई नौं वटै वडामा निरन्तरता दिइनेछ ।

आदरणीय नगरसभाका सदस्यहरू,

<u>सामाजिक विकास क्षेत्र</u>

**शिक्षा, कला, भाषा र साहित्य**

四十五. **"चामुण्डाविन्द्रासैनी नगरपालिकाको आधारः गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार"** अभियान सञ्चालन गरी चामुण्डाविन्द्रासैनी नगरपालिका भित्रका सबै बालबालिकाहरूलाई पूर्व प्राथमिक शिक्षाको अनुभव सहित आधारभूत तथा माध्यमिक तहसम्मको **निःशुल्क शिक्षा**लाई अनिवार्य तथा **निःशुल्क** ऐन २०७५ लाई कडाईका साथ लागु गरिनेछ ।

四十六. **सार्वजनिक पद धारण गरेका सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारी, शिक्षकहरूलाई आफ्ना बालबालिका सामुदायिक विद्यालयमा पढाउन उत्प्रेरित गर्ने नीति** लिइनेछ ।

四十七. चामुण्डाविन्द्रासैनी नगरपालिकाको **स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक क्रमश कक्षाहरुको तयार** गरी स्थानीय स्तरका कृषि, पशुपालन, पर्यटन, धर्म, संस्कृति, भाषा, जातजाति जस्ता क्षेत्रमा आवश्यक ज्ञान, सीप र धारणा प्रदान गरी विद्यार्थीहरूलाई सुसूचित गरिनेछ ।

四十八. नगरपालिका भित्रका विद्यालयहरूमा अङ्ग्रेजी माध्यममा तथा मातृभाषामा कक्षा सञ्चालन गर्न आवश्यक पहल गर्न स्रोत साधनको व्यवस्था गरिनेछ । साथै छापामय कक्षाकोठा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

四十九. नगरपालिका भित्र बसोवास गर्ने अति गरिब तथा विपन्न परिवारका बालबालिकाहरुलाई थप प्रोत्साहन भत्ता दिइने छ

五十. सबै विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात हेरी समायोजन तथा व्यवस्थापन दरबन्दी मिलान गरिनेछ ।

五十一. शैक्षिक सुशासनका लागि संस्थागत तथा शिक्षकको पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुदृढीकरण र कार्यसम्पादन मूल्याङ्कनको आधारमा प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।

五十二. **"एक शिक्षक एक रुखः एक विद्यार्थी एक फूल एक विद्यालय एक करेसावारी "** को नाराका साथ सबै विद्यालय पूर्ण सरसफाइ, हरित विद्यालय तथा बालमैत्री विद्यालय बनाउने कार्य अभियानका रुपमा लिइनेछ ।

五十三. प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई स्थानीय उत्पादनमा आधारित **दिवा खाजा**को व्यवस्था गरी उनीहरूको विद्यालय छाड्ने दरमा कमी ल्याइनेछ ।

五十四. **"बालबालिकाको इच्छाः नवप्रवर्तन प्रविधिमैत्री शिक्षा"** अभियान मार्फत् विद्यार्थीको सिकाइ उपलब्धी वृद्धि गरी शैक्षिक गुणस्तर सुधार गर्न प्रविधिमैत्री शैक्षिक प्रणालीको विकास गरिनेछ ।

五十五. बालविकास केन्द्र स्थापना नभएका सामुदायिक विद्यालयहरुमा बालविकास केन्द्र स्थापना गरी बालमैत्री विद्यालयको रुपमा संचालन गरीने छ ।

五十六. सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरूको महिनावारी चक्रलाई व्यवस्थापन गर्न मर्यादित महिनावारी सहित **सेनिटरी प्याड** वितरणलाई निरन्तरता दिइनेछ ।

五十七. एक विद्यालयमा भएका असल तथा अनुकरणीय अभ्यासलाई अन्य विद्यालयमा हस्तान्तरण गरी शैक्षिक व्यवस्थापन तथा प्रशासनलाई सुदृढ बनाउने नीति अवलम्बन गरिनेछ ।

五十八. सबै विद्यालयहरूमा बाल क्लब गठन, किशोरी समुह गठन र परिचालन, अभिभावक शिक्षा तथा प्रारम्भिक पढाइ सीप विकास कार्यक्रम तथा बाल विकास सम्बन्धी कार्यक्रमलाई अगाडि बढाइनेछ ।

五十九. **बालमैत्री स्थानीय शासनको प्रारूप** अनुसार विद्यालयमा हुने सम्पूर्ण क्रियाकलापहरू सञ्चालन गरिनेछ ।**"एक वडा एक नमूना विद्यालय"**को रुपमा विकास गर्न पहल गरिनेछ । किशोरीसँग उप प्रमुख छात्रवृति कार्यक्रमलाई कक्षा ६ देखि कक्षा १२ सम्म विस्तार गरी निरन्तरता दिइने छ ।

六十. नगरपालिका भित्रका न्यूनतम सबै पूर्वाधार भएको माध्यामिक विद्यालयहरुलाई **बहुप्राबिधिक विद्यालयका** रुपमा रुपान्तरण गर्दै लगिनेछ ।

六十一.	चामुण्डाबिन्द्रासैनी कलेजको शैक्षिक गुणस्तर, भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन र शैक्षिक कार्यक्रम व्यवस्थापनका लागि अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ तथा कलेजलाई आङ्गिगताको लागि मध्यपश्चिम विश्विविद्यालयसँग सहजीकरणको लागि संघ र प्रदेश सरकारसँग अनुरोध गरीने छ ।

六十二.	सामुदायिक माध्यामिक विद्यालयहरुमा मनोसामाजिक परामर्श कर्ताको व्यवस्थापन गरिने छ ।

**युवा, खेलकुद तथा नवप्रर्वतन**

六十三.	नगरपालिकास्तरीय **युवा परिषद् गठन** गरी वडास्तरमा विस्तार गर्दै राष्ट्रप्रेमी परोपकारी सेवा भावनाको विकास गरिनेछ ।

六十四.	युवाहरुलाई स्वरोजगार बनाउनका लागि नवप्रर्वद्धनात्मक सीपमूलक तालिमहरू प्रदान गर्न साझेदार संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ । युवा रोजगार तथा युवा सचेतनाका लागि नगरपालिकामा युवा नमूना युवा संसद गठन गरी सोही मार्फत युवा नेतृत्व विकासका कार्यक्रम अगाडि बढाइनेछ ।

六十五.	**एक वडा एक खेल मैदान** निर्माण गरिनेछ।

六十六.	यस नगरपालिका वडा नं. ५ जम्वुकाँधमा कवर्ड हल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भइ सकेकोले कबर्डहल निर्माणको प्रकृया अगाडि बढाइने छ । पोखेखाल खेलमैदान, बिन्द्रासैनी खेलकुद रंङ्गशाला तथा सुगरदह क्रिकेट खेलमैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

六十七.	**"राष्ट्रका लागि खेलकुदः स्वास्थ्यका लागि खेलकुद"** को नारालाई आत्मसाथ गर्दै राष्ट्रपति रनिङ्ग शिल्ड तथा नगरप्रमुख कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

六十八.	नगरपालिकास्तरीय तथा वडास्तरीय खेलकुद विकास समितिलाई सक्रिय गराइनेछ ।

**स्वास्थ्य र पोषण**

六十九.	सबै नागरिकलाई निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सुनिश्चत गरिनेछ र सरकारी स्वास्थ्य संस्थावाट वर्ष भरिनै निःशुल्क गुणस्तरीय औषधिको उपलब्धता गरिनेछ ।

七十.	गर्भवति तथा सुत्केरी महिलाहरुका लागि निःशुल्क ल्याव तथा भिडियो एक्सरे सेवा सुनिश्चत गरी सुरक्षित मातृत्व तथा नवजात शिशु कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।

七十一.	बिन्द्रासैनी स्वास्थ्य चौकीलाई बिन्द्रासैनी नगर अस्पतालमा समायोजन गरि डाक्टर सहितको स्वास्थ्य सेवा र चौविसै घण्टा इमरजेन्सी सेवा सञ्चालन गरिनेछ ।

七十二.	नगर भित्रका स्वास्थ्य संस्थालाइ किशोर किशोरीमैत्री स्वास्थ्य संस्था प्रमाणिकरण गरी किशोर किशोरीमैत्री स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

七十三.	साभेदारी सघं संस्थासगको सहकार्यमा मानसिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

七十四.	नागरिकहरुलाई स्वास्थ्य विमाको वारेमा जानकारी गराउदै स्वास्थ्य विमा गर्ने परिवारको संख्या बढत्तरी गर्दै लगिनेछ ।

七十五.	नगरवासीको स्वास्थ्यमा ध्यानमा राखि स्वच्छता शुद्धता तथा सरसफाइ (WASH ) कार्यक्रम सञ्चालन गरिनेछ ।

七十六. एक स्वास्थ्य रणनीति अनुसार पशुपंक्षी, मानव तथा वातावरणबीच एक आपसमा सम्बन्धित तथा सर्न सक्ने रेविज लगायतका रोग नियन्त्रण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

七十七. नगरभित्रका सुत्केरी, अपाङ्ग र जेष्ठ नागरिकलाई घरदैलो स्वास्थ्य सेवा दिइ नि:शुल्क औषधी वितरण गरिनेछ

七十八. संघीय सरकार, प्रदेश सरकार तथा अन्य संस्थाको समन्वय तथा सहकार्यमा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

七十九. सबै वडामा स्टेचरको व्यवस्था मिलाइनेछ ।

八十. निजि क्लिनिक, फार्मेसी, ल्याव, दन्त क्लिनिक तथा अन्य चिकित्सा प्रणालीको स्थापना सञ्चालनको कार्यबिधि बनाइ दर्ताको दायरामा ल्याइनेछ ।

八十一. स्वास्थ्य स्वयमंसेविकाहरुलाई आधारभूत तालिम तथा पुनर्ताजगी तालिमको व्यवस्था मिलाइनेछ, उमेरहद पुरा भएका महिला स्वास्थ्य स्वयमंसेविकाहरुलाई सम्मानजनक विदाइ गरिने छ र दोहोरो भूमिकामा रहेका स्वास्थ्य स्वयम सेविकालाई एकमात्र जिम्मेवारीमा राखिनेछ ।

八十二. सरुवा तथा कीटजन्य रोग तथा पशुजन्य रोग, जलवायु परिवर्तन तथा अन्य रोगको महामारी नियन्त्रण लगायत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाइ एकिकृत उपाय अवलम्वन गरिनेछ । साथै पानीको मुहानको ल्याव जाँच गरी क्लोरीनेशन गरिनेछ ।

八十三. स्वस्थ तथा निरोगी बालबालिका कार्यक्रम अन्तरगत प्रत्येक महिना पोषण लेखाजोखा गर्नको लागि स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयमसेविका परिचालन गरिनेछ । तथा कुपोषण न्युनीकरणको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

八十四. उत्कृष्ठ कार्यगर्ने स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयमंसेविका तथा स्वास्थ्य संस्थालाई पुरस्कारको व्यवस्था गरिनेछ

八十五. नसर्ने रोग पत्ता लगाउन वस्तीस्तरमा स्क्रिनिङ सेवा, उपचार तथा प्रवधनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

八十六. यस नगरपालिकाका सम्पूर्ण वालवालिकाले सबै खोप समयमै लगाएको सुनिश्चित गरी पूर्णखोप तथा दिगोपना सुनिश्चित कार्यलाई निरन्तरता दिइनेछ ।

八十七. न्युनतम सेवा मापदण्ड अनुसार स्वास्थ्य संस्था स्तरउन्नती तथा सेवा विस्तारको लागि जनप्रतिनिधि तथा कर्मचारीलाई नमुना स्वास्थ्य संस्थाको अवलोकन भ्रमणको कार्यक्रम गरिनेछ ।

八十八. यस नगरपालिकामा कार्यरत साझेदारी संघ संस्थासगको समन्वय तथा सहकार्यमा स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ साथै यस नगरपालिकासगको समन्वयमा सेवा गर्न इच्छुक संघ संस्थालाइ लगानी मैत्री वातवरण वनाइनेछ ।

八十九. स्वास्थ्य संस्थावाट टाढा रहेको वस्तीमा सेवाको पहुच वढाउन गाँउघर किल्निक तथा खोप किल्निक व्यवस्थापन र विस्तारमा जोड दिइनेछ ।

九十. वहुक्षेत्रिय पोषण योजना तेस्रो तथा पोषणमैत्री स्थानीय शासनलाइ संस्थागत गर्दै गर्भवती महिला, सुत्केरी आमा,किशोरी तथा वालवालिकाको पोषण अवस्थामा सुधार ल्याउन स्वास्थ्य, कृषि, शिक्षा, खानेपानी

सरसफाई ,महिला तथा सामाजिक विकास क्षेत्रबीच समन्वय र सहकार्यमा आधारित कार्यक्रम सञ्चालन गरीने छ ।

九十一. यस आ.ब.का लागि यस चामुण्डाविन्द्रासैनी बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण मैत्री स्थानीय शासन NFLG अबलम्बन गरी संस्थागत गर्दै लगिने छ ।

九十二. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना तेस्रोले निर्धारण गरेका सुचक प्राप्तीमा सहयोग हुने गरी वहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषणको अवस्था कम्जोर रहेका वस्तीमा लक्षित पोषण सुधारका कार्यक्रम सञ्चालन गरीने छ ।

**खानेपानी तथा सरसफाई**

九十三. नगरपालिका तथा विभिन्न दातृनिकायहरुको सहयोग र साझेदारिमा यस नगरपालिकामा सञ्चालित खानेपानी तथा सरसफाईका योजनाहरुको अनुगमन, नियमन तथा व्यवस्थापन गर्ने नगरपालिकामा एक खानेपानी बोर्ड गठन गरीने छ र सो बोर्ड नगरपालिका मातहत इकाईको रुपमा रहने गरि कार्यबिधि बनाइ संचालन गरिने छ ।

九十四. **"एक घर एक धाराको नीति लिइ"** सुरक्षित तथा गुणस्तरीय खानेपानीको पहुँच विस्तार गरिनेछ।

九十五. मुहान संरक्षण, recharge pond तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

九十六. खानेपानी आयोजनामा leakage control तथा water safety plan लागू गरिनेछ र अन्यत्र रहेका पानीका मुहानहरु संरक्षण गरी दिगो उपभोगका लागि लाभान्वित समुदायको सहभागतामा उपभोक्ता समिति वनाइ मुहानहरुलाई एकिकृत व्यवस्थापन गरिनेछ ।

九十七. **"सफा र स्वच्छ खानेपानीः जनताको लगानी"** भन्ने नाराका साथ सवै मुहान र खानेपानी संरचनाहरुको नियमित मर्मत सम्भार स्तरोन्नती र वितरण प्रणालीलाई व्यावहारिक र व्यवस्थित गर्न उपभोक्ता समितिलाई सक्रिय वनाइनेछ ।खानेपानीका मुहानहरुलाई अनिवार्य रुपमा मुहान दर्ता गर्ने व्यवस्था मिलाइने छ ।

九十八. लिफ्टिङ्ग खानेपानी आयोजना निर्माण प्रक्रियालाई अगाडि बढाउन पहल गरिनेछ ।

九十九. चामुण्डाविन्द्रासैनी नगरपालिकाका मुख्य बजारहरुमा एवं अन्य महत्वपूर्ण स्थानहरुमा फोहरमैला व्यवस्थापनको लागि डष्टविन राख्ने र संकलित फोहोरलाई उपयुक्त स्थानमा खाल्डा खनि व्यवस्थापन गरिनेछ ।

一百. **सडकको किनारा फुटपाथ अतिक्रम गर्ने, निर्माण सामग्री जथाभावी फाल्ने, दिसा पिसाव गर्ने, गाईवस्तुहरु बाँध्ने वा खुल्ला छाड्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।**

一百〇一. सामुदायिक, ग्रामिण तथा शहरी, धार्मिक, कवुलियति वनको संरक्षण सम्बर्धन र उपयोग गरीने छ।नदी किनार,नदी उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा वृक्षारोपणको व्यवस्था गरिनेछ

一百〇二. जलवायु परिर्वनबाट पर्ने नकारात्मक असरहरु न्यूनीकरणका लागि आवश्यक व्यवस्था गर्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

一百〇三. **पानीका मुहानमा एक ब्यक्ती एक बिरुवा कार्यक्रमलाई** अभियानको रुपमा लागु गर्न जनप्रतिनिधि र कर्मचारीबाट सुरु गर्दै समुदायस्तरमा बिस्तार गर्न पहल गरीने छ ।

一百〇四. अनियन्त्रित प्राकृतिक श्रोत दोहन कार्यलाई तत्कालै रोक लगाइने छ ।

一百〇五. आगमी दिनमा उद्योग बाणिज्य संघ, बजार व्यवस्थापन समिति र टोल सुधार समितिलाई क्रियाशिल गरी विकास निर्माण एव सरसफाई सम्बन्धी व्यवस्थापन कार्यमा सक्रिय गराईनेछ ।

**महिला, बालवालिका, सामाजिक संरक्षण र समावेशीकरण**

一百〇六. नगरपालिका भित्र लैङ्गिक असानता, वालविवाह, घरेलु हिंसा विरुद्ध शन्य सहनशिलताको नीति लिइने छ ।दुर्गम तथा विपन्न क्षेत्रका वालवालिका हरुको सुरक्षा, शिक्षा र मऱ्यादा सुरक्षित र सुनिश्चित गर्न स्थानीय स्तरमा क्रियासिल गैरसरकारी संघसंस्थाहरुसँग रणनीतिक साझेदारी र समन्वय स्थापना गरिने छ ।

一百〇七. महिला, बालबालिका, दलित, आदिवासी जनजाति, पिछडिएको वर्ग, ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति तथा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको समान पहुँच, सहभागिता र सशक्तीकरण सुनिश्चित गरिनेछ।

一百〇八. सुरक्षित सिकाइ केन्द्र स्थापना र सञ्चालन, विद्यालय जानबाट बञ्चित वा बिचैमा पढाइ छोड्ने जोखिममा रहेका वालवालिकाहरुका लागि विभिन्न सामाजिक संस्थाहरुको प्राविधिक सहयोग र सह-लगानीमा सुरक्षित सिकाइ केन्द्रहरु स्थापना गरिने छ । यस मार्फत वालवालिकाहरुको शैक्षिक निरन्तरता जीवन उपयोगी सीप आत्मरक्षाका लागि तालिम संचालन गरिने छ ।

一百〇九. स्थानीय सरकारका सबै नीति, योजना, कार्यक्रम तथा बजेटमा लैंगिक उत्तरदायी बजेट निर्माण तथा सामाजिक समावेशी दृष्टिकोण अवलम्बन गरिनेछ।

一百一十. महिला तथा बालबालिका माथी हुने सबै प्रकारका हिंसा, विभेद, बालविवाह, दाइजो प्रथा, छुवाछुत तथा सामाजिक कुरीति अन्त्यका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

一百一十一. लक्षित वर्गको आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक सशक्तीकरणलाई प्राथमिकता दिइनेछ।

一百一十二.अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरीक तथा असहाय नागरीकका लागि पहुँचयुक्त तथा मैत्रीपूर्ण सेवा प्रवाह गरिनेछ।

一百一十三.लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तथ्यांक संकलन, विश्लेषण तथा अद्यावधिक प्रणालीलाई सुदृढ गरिनेछ।

一百一十四. नगर उप प्रमुख युवा महिला रोजगार कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवम् स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको अभियान अगाडि बढाइनेछ ।

आदरणीय नगरसभाका सदस्यहरू,

पूर्वाधार विकास क्षेत्र

**बस्ती विकास, आवास तथा भवन**

一百一十五. **भू-उपयोग नीतिको** आधारमा जग्गाको बर्गीकरण भइसकेको छ । भने पालिकालाई शहरीकरण तर्फ उन्मुख गर्न **एकिकृत बस्ती विकास योजना** तयार गरी चामुण्डाबिन्द्रासैनी नगरपालिकाको ऐलानी जमिनको अधिकतम उपयोग गर्दै राजमार्गसँग जोडिएका मुख्य बजार क्षेत्रलाई **पहिचानयुक्त नयाँ शहरको रुप विकास** गर्नका लागि **सम्भाव्यता अध्ययन** गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

一百一十六. **भवन निर्माण तथा घर नक्सा नियमन सम्बन्धी कार्यविधि** तयार गरी सोही अनुसार लागु गरिनेछ ।

一百一十七. गौरबका योजना र मेशिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथासम्भव ठेक्का प्रक्रियामार्फत सम्पन्न गरिनेछ । ठेक्का मार्फत सम्पन्न हुने योजनाहरुमा समेत स्थानीय श्रम र सीपको प्रयोग गर्न सहजीकरण गरिने छ ।

一百一十八. **"जनता आवासको गन्तव्य, खर, पराल र माटोले छाएको छानोको अन्त्य"** कार्यक्रम मार्फत खर परालले छाएका सबै चामुण्डाबिन्द्रासैनीवासी जनताको छानो जस्तापाताले छाउने व्यवस्था प्रदेश तथा संघीय सरकारको सहकार्यमा अगाडि बढाइने छ ।

一百一十九. **"स्वच्छ, सफा र व्यवस्थित नगरः चामुण्डाबिन्द्रासैनी रहर"** लाई आत्मसात गर्दै नगरलाई व्यवस्थित र शहरोन्मुख विकासलाई तीव्रता दिइने ।

一百二十. नगरपालिका भित्रका वास्तविक सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीहरूको उचित व्यवस्थापनको लागि पहल गरिनेछ । भूमी समस्या समाधान आयोगसँग गरीएको सम्झौता र संकलित लगतका आधारमा जग्गाधनी प्रमाण पूर्जा वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

一百二十一. नगरपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्था सहित कानुनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ ।नगरपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै बखत हटाइनेछ ।

一百二十二. नगरपालिकाभित्र विगतदेखि सञ्चालित क्रमागत योजनाहरुलाई आगमी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ भने **मर्मत सम्भार कोष**लाई व्यवस्थित बनाउँदै लगिनेछ ।

一百二十三. नगरपालिकाका **गौरबका आयोजना**हरु मजुवा खानेपानी आयोजना, कर्णाली बिन्द्रासैनी लिफ्ट खानेपानी, बत्काचौर नगरपार्क निर्माण, बिन्द्रासैनी आधाभुत अस्पताल, पाल्तडा पाल्त उत्तरदक्षिण जोड्ने सडक, पूर्वपश्चिम अन्तरपालिका जोड्ने सडकलाई समयमा नै सम्पन्न गर्नको लागि आवश्यक पहल गरिनेछ र आवश्यक बजेट व्यवस्थापनका लागि प्रदेश तथा संघ सरकारसंग समन्वय गरिनेछ ।

一百二十四. यस पालिकामा कार्यरत र कार्यक्रम सञ्चालन गर्न इच्छुक विकास साझेदार तथा गैरसरकारी संस्थाहरूसँग समन्वय सहकार्य तथा साझेदारी गरी योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

一百二十五. नगरपालिकाले सञ्चालन गर्ने पुर्वाधार निर्माणमा बढ्दो जलवायु परिवर्तनले निम्त्याउन सक्ने जोखिम न्यूनीकरण तथा पूर्वाधार विकासलाई दिगो तथा समावेशी बनाउनका लागि हरित, उत्थानशील, तथा समावेशी विकासको अवधारणा (**Green, Resilient, and Inclusive Development GRID**) अवलम्वन गरिनेछ ।

一百二十六. नगरपालिकाका सबै बस्तीहरूलाई सडक सञ्जालसँग जोडिनेछ । बस्तिस्तरका सहायक सडकहरूको निर्माण तथा मर्मत कार्य गरिनेछ ।

一百二十七. नगरपालिकाको समग्र **सडक गुरु योजना निर्माण** गर्ने कार्य प्रारम्भ गरिनेछ ।

一百二十八. छरिएर रहेका बस्ती बीचको दुरी कम गरी सामाजिक आदान प्रदान तथा प्रशासनिक सुगमताका लागि **झोलुङ्गे पुल निर्माणमा** प्रदेश तथा संघ सरकारसँग आवश्यक सह-लगानी र समन्वय गरिनेछ ।

一百二十九. नगरपालिका र अन्तर पालिकाका सडकहरुलाई संघीय, प्रदेश, स्थानीय पर्यटकीय सडकहरुमा वर्गीकरण तथ्याङ्क अध्यावधिक गरिनेछ

一百三十. संघ तथा प्रदेश सरकारको सहकार्यमा नगरपालिकाको प्रशासकीय पक्की भवन, भवन नभएका वडा कार्यालय, विद्यालय भवन, आधारभूत तथा शहरी स्वास्थ्य केन्द्र र प्रहरी चौकीहरूको भवन निर्माणको कार्य प्राथमिकता राखि अगाडि बढाइनेछ ।

一百三十一. नगरपालिकाभित्र सम्पन्न भई सकेका सडक पूर्वाधारहरुको लगत कट्टा गर्न सम्बन्धिन निकायमा पहल गरिनेछ

一百三十二. हेलिप्याडलाई स्तरउन्नती गरी व्यवस्थित गरीने छ ।

**जलश्रोत, विद्युत तथा वैकल्पिक स्वच्छ उर्जा**

一百三十三. **चामुण्डाबिन्द्रासैनी उज्यालो कार्यक्रमलाई पूर्णता दिन यसै आर्थिक वर्षमा नेपाल विद्युत प्राधिकरण, दैलेख वितरण केन्द्रसँग सह-लगानीमा करिव ४ करोडको विद्युतीकरण तथा विस्तारलाई सम्पन्न गरी नगरपालिकाका सबै गाउँबस्तीहरुमा विजुली बत्ति पुऱ्याइनेछ ।**

一百三十四. वायोग्याँस, बायोमास, सौर्य उर्जा लगायतका वैकल्पिक उर्जाको प्रबर्द्धन र प्रयोगको लागि समेत आवश्यक पहल कदमी लिइनेछ ।

一百三十五. आगमी आर्थिक वर्षमा विद्युतीय चुह्लोको उपयोग विस्तार हुने गरी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

一百三十六. जम्बुकाँध बजार र अन्य मुख्य बजारक्षेत्रलाई **सौर्य उर्जाको प्रयोग गरी चोक तथा सार्वजनिक स्थलहरूलाई सडक बत्तिको व्यवस्था गर्दै उज्यालो शहर** गराउदै लगिनेछ ।

**सूचना तथा सञ्चार प्रविधिः**

一百三十七. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित गराई **डिजिटल स्मार्ट नगरपालिका** बनाउदै लगिनेछ ।

一百三十八. सूचना प्रवाहमा पत्रकारिताको व्यापक प्रयोग गर्न पत्रकारिता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । साथै उत्कृष्ट पत्रकारिता गरी हाम्रो समृद्धिको यात्रामा सहयोग प्रदान गर्ने पत्रकारलाई उचित सम्मान गरिनेछ।

一百三十九. **डिजिटल नेटवर्कलाई प्रभावकारी बनाउन विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरुलाई अनिवार्य गराइने छ**

一百四十. सामाजिक सञ्जालमा व्यक्त हुने अमऱ्यादित तथा असभ्य व्यवहारहरुलाई निरुत्साहित गर्दै **सभ्य समाज निर्माणमा** जोड दिइनेछ ।

一百四十一. जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्रार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तिकरण सूचाङ्क, राजस्व तथा आय–व्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्धता र पार्श्वचित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गरी डिजिटलाईज गरिनेछ।

一百四十二. **नगरपालिकाभित्र शान्ति सुरक्षा, अपराध नियन्त्रण, सडक सुरक्षा, सवारी साधनहरुको व्यवस्थित तथ्याङ्क संकलन, ट्राफिक व्यवस्थापन गराउन मुख्य सडक खण्ड तथा बजारक्षेत्रमा सिसिटिभि तथा सौर्य उर्जाबाट सडक बत्ती जडान गर्न आवश्यक अन्य व्यवस्थापन गर्दै लगिनेछ ।**

## वन, वातावरण तथा विपद् व्यवस्थापन

**वन तथा वातावरण**

一百四十三. **"दिगो वन व्यवस्थापनः स्वच्छ र समृद्ध जीवनयापन"** वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र वृक्षारोपण, पालिकाको सौन्दर्यता र सोको संरक्षण, भू-संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक प्रबन्ध गरिनेछ । न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास नीति अवलम्ब गराइनेछ ।

一百四十四. **नगरपालिका अन्तरगत रहेका सामुदायिक वन उपभोक्ता समितिहरूलाई चामुण्डाबिन्द्रासैनी समृद्धि र विकासको लागि आवश्यक सहकार्य, सह-लगानीमा योगदान गर्न आह्वान गरिनेछ । एक वडा वन वाटिका निर्माण गर्ने** अभियानको शुरुवात गरिनेछ ।

**वन भूसंरक्षण तथा जैविक विविधता**

一百四十五. **प्राकृतिक तथा मानव सिर्जित विपद्बाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न नगरपालिका स्तरीय, वडा स्तरीय र सामुदायिक विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाइनेछ ।**

一百四十六. नगरपालिका क्षेत्रमा भएका खानी तथा खनिज पदार्थको खोज अनुसन्धान गरी उत्खननको लागि सम्भाव्यता अध्ययन गर्न संघ तथा कर्णाली प्रदेश सरकारसंग पहल गरीने छ ।

一百四十七. जलवायु परिवर्तनबाट पर्ने असरहरूलाई न्यूनीकरण गर्नका लागि **जलवायु अनुकुलन कोष** स्थापनामा आवश्यक प्रकृयाको थालनी गरिनेछ

一百四十八. यस नगरपालिका स्थित सबै सरकारी जंगलहरुलाई सामुदायिक वन गठन गरि सबै सामुदायिक वनहरुलाई वार्षिक कार्ययोजना सहित नगरपालिकामा सुचिकृत गरिने छ ।

**वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन**

一百四十九. बातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनका लागि सुरक्षित व्यवस्थापन गरिनेछ ।

一百五十. सडक निर्माण गर्दा अनिवार्य वृक्षारोपण गर्नुपर्ने गरी **हरित सडकको अवधारणा र प्रकृतिलाई बिगारेर होइन श्रृँङ्गारेर** विकास गर्ने अभियान सञ्चालन गरिनेछ ।

一百五十一. प्लाष्टिकजन्य पदार्थलाई निरुत्साहित गर्दै सडक आसपासमा वृक्षरोपण गर्ने र कुहिने तथा नकुहिने फोहोरको व्यवस्थापनको लागि शहरी तथा ग्रामिण क्षेत्रमा डष्टविनको व्यवस्थापन गरिनेछ ।

一百五十二. अनिवार्य वृक्षरोपण, सडकसँग नाली अनिवार्य, तटबन्ध, नियमित मर्मत सम्भार जस्ता उपाय अवलम्वन गरी भूजन्य प्रकोपको व्यवस्थापन गरिनेछ ।

一百五十三. ढल निकास र फोहोरमैला व्यवस्थापनका लागि वडा नं. ७ को धौलागाउँको टर्निङ मोड र वडा नं.४ को सुन्याखोलामा आवश्यक प्रकृया पुरा गरी ल्याण्डफिल्डसाइडको निर्माण गरिनेछ । साथै बजार क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न विभिन्न स्थानमा डस्टविनहरु राखीने छ ।

**विपद् जोखिम ब्यवस्थापन तथा जलबायु परिवर्तन अनुकुलन**

一百五十四. विपद् पूर्वतयारी, जोखीम पूर्व सूचना प्रर्णाली जडान, विपद् प्रतिकार्य तथा विपद् न्युनीकरण र पुर्नलाभका लागि विशेष प्राथमिकता दिईनेछ ।

一百五十五. विपद् पश्चात्को समयमा राहत, पुनःनिर्माण गर्नका लागि सम्भाव्य जोखिम हस्तान्तरणको नीति अवलम्बन लागि घरबिमा कार्यक्रमका लागि उचित प्रबन्ध मिलाइनेछ ।

一百五十六. यस पालिकाको जोखिम क्षेत्र पहिचान गरी विपद् जोखिम नक्सांकनको काम सम्पन्न गरिनेछ ।

一百五十七. जलवायु परिवर्तनका असर र प्रभावलाई सामना गर्न खुल्ला क्षेत्रमा वृक्षारोपण गर्दै, वन डढेलो आगो जन्य विपद्लाई रोकथाम गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी जनमानसमा उत्तरदायी भुमिकाको सिर्जना गरिनेछ।

一百五十八. यस पालिकामा एक पालिकास्तरीय आप्तकालीन केन्द्र स्थापना गरी २४ औ घन्टा सञ्चालनमा ल्याइनेछ ।

一百五十九. सरसफाइ र स्वच्छता कार्यक्रम अन्तर्गत यस पालिकाका विभिन्न क्षेत्रमा प्लास्टिकजन्य पदार्थको प्रयोगमा कमी ल्याउनका लागि, नदीनाला र पानीका स्रोतलाई प्रदुषणमुक्त राख्नका लागि विभिन्न फोहोरमैला नियन्त्रण तथा नियमनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

一百六十. जनप्रतिनिधि तथा कर्मचारीको वन, वातावरण तथा विपद्को क्षेत्रमा प्रभावकारी भूमिकाका लागि क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

一百六十一. सडक दुर्घटनालाई अन्त्य गर्नका लागि बजार क्षेत्रमा निश्चित सवारी गति तथा हर्न प्रयोगमा नियमन र ट्राफिक नियमको अनिवार्य पालना गराइने छ ।साथै सडकलाई मापदण्ड बमोजिम संचालन गरिने छ ।

一百六十二. विपद् व्यवस्थापनलाई प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि विपद्का क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थासँग समन्वय गर्दै विपद् प्रभावितहरुलाई तत्काल आर्थिक सहयोग गर्न पालिकाको प्रकोप व्यवस्थापन कोष वृद्धिका लागि पहल गरिनेछ ।

一百六十三. नगरपालिकाको विपद् पोर्टल र विपद् प्रतिकार्य योजना, २०८० लाई अद्यावधिक गरिनेछ मिति २०८२ चैत १४ गते आएको विनाशकारी असिना पानीबाट क्षती भइ सम्बन्धित वडा कार्यलयमा दर्ता भइ यस नगरपालिकामा सिफारिस भइ आएका निवेदकहरुलाई उन्नत जातको गहुँको बिउ खरिद गरी सर्वसुलभ वितरण गरिनेछ ।

आदरणीय नगरसभाका सदस्यहरू,

<u>सुशासन तथा संस्थागत क्षमता विकास</u>

**नीति, कानुन न्याय तथा सुशासन**

一百六十四. कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तथा सूचकहरू तय गरिनेछ ।

一百六十五. योजनाहरुको गुणस्तर सुनिश्चित गर्ने नियमित अनुगमन तथा सुपरीवेक्षणका लागि पालिकास्तर र योजना स्तरमा रहने अनुगमन समितिहरुलाई क्रियाशिल बनाइने छ। वडास्तरमा रहने अनुगमन समितिहरुलाई थप क्रियाशील बनाइनेछ ।

一百六十六. नगरपालिकाको अधिकार क्षेत्रभित्र रही सम्बोधनको आवश्यकता महशुस गरिएका सबै विषयमा आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

一百六十七. नगर कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यलयहरुको प्रशासनलाई सेवाग्राहीमैत्री चुस्तदुरुस्त, छिटोछरितो, मितव्ययी, पारदर्शी, जवाफदेही र निष्पक्ष बनाइ सेवाप्रवाहमा सर्वसाधारणको सरल, सहज र समावेशी पँहुच सुनिश्चित गरिनेछ।साथै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ ।

一百六十八. आगमी आर्थिक वर्षका लागि तय भएका योजना तथा कार्यक्रमहरु सबै प्रक्रिया पुरा गरी फाल्गुन मसान्तभित्र सम्झौता कार्य सम्पन्न गरिनेछ ।

一百六十九. नगरपालिकाले निर्माण गरेका ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरुलाई अक्षरस: पालना गरिनेछ ।

一百七十. नगरपालिका नगरप्रमुखले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग मापन योग्य **सूचकहरु सहित कार्यसम्पादन सम्झौता** गरी सम्बन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाइनेछ । साथै कार्यसम्पादनमा आधारित करार सेवा पद्धति अवलम्वन गरिनेछ ।

संगठन तथा क्षमता विकास जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

一百七十一. जनशक्तिको क्षमता विकासका लागि योजना बनाइ कार्यान्वयन गरिनेछ ।जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि पर्याप्त मात्रामा तालिम, गोष्ठी, सेमिनार तथा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरिनेछ ।

一百七十二. विषयगत समिति, नगरसभाका सदस्यहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी विकास र सेवा प्रवाहमा गुणस्तर कायम गर्न तालिम, प्रशिक्षण र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

一百七十三. विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाइनेछ ।वडामा स्थापना गरीएका मेलमिलाप केन्द्रलाई मेलमिलाप मार्फत विवाद समाधान गरी शान्ति स्थापना गर्ने केन्द्रको रुपमा विकसित गरिनेछ ।

一百七十四. न्यायिक समिति र मेलमिलाप कर्ताहरुको लागि पुनर्ताजगीकरण तालिम मार्फत क्षमता अभिबृद्धि गरिनेछ ।

一百七十五. गरिब असहाय तथा पछाडि पारिएका व्यक्तिहरुको लागि नि:शुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ ।

一百七十六. भ्रष्टाचारजन्य क्रियाकलापहरुमा शून्य सहनशीलताको नीति अवलम्बन् गर्दै भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने आधार सिर्जना गरिनेछ ।

一百七十七. नगरपालिकाले संकलन गर्ने कर तथा गैर करलाई व्यवस्थित पारदर्शी राजश्व सूचना प्रर्णालीलाई पूर्ण रुपमा सञ्चालन गरिनेछ ।

राजस्व तथा स्रोत परिचालन

一百七十八. आ.व २०८३।०८४ मा करको दरमा केही हेरफेर र कर यथावत राख्ने नीति अवलम्वन गरिनेछ ।

一百七十九. सेवाग्राहीहरुलाई कम्प्यूटरकृत प्रणालीको माध्यमबाट झन्झट रहित सेवा प्रदान गरिनेछ । साथै नियमित कर भुक्तानी प्रकृयाबाट उत्कृष्ट करदाता छनौट गरी पुरस्कृत तथा सम्मान गरिनेछ ।

一百八十. करका नयाँ स्रोतहरुको खोजी गरी आन्तरिक आय वृद्धि गर्ने नीति लिइने छ ।आगमी आर्थिक वर्षमा कम्तिमा ६५ लाख ४० हजार आम्दानी गर्ने लक्ष्य लिइनेछ । यसका लागि सरोकारवालाहरुसँगको छलफल अगाडि बढाइनेछ ।

一百八十一. आन्तरिक स्रोत बढाउन स्रोतको सम्भाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना अनुसार कार्यान्वयन गर्दै लगिनेछ ।

一百八十二. नेपालको संविधानको साझा अधिकार सूचीमा रहेका कर तथा गैर कर राजश्व संघ तथा प्रदेशले तोके बमोजिम संकलन गरी बाँडफाँड गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

一百八十三. Right Time, Right Place, Right Person भन्ने व्यवस्थापकीय सिद्धान्तलाई पूर्ण रुपमा लागु गरीने छ ।

一百八十四. सार्वजनिक सेवाको चापलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मावन संशाधन पुँजिको निर्माण तथा व्यवस्थापन गरीने छ ।

一百八十五. करको दायरा विस्तार गर्ने तथा करदाताको अभिलेख अद्यावधी गरिनेछ ।

一百八十六. करदाता मैत्री सेवा तथा अनलाइन कर भूक्तानी प्रर्णाली लागु गरिनेछ ।

一百八十七. सबै भूक्तानी प्रर्णालीलाई पूर्ण विद्युतीय माध्ययमबाट गरिनेछ ।

一百八十八. सार्वजनिक खरिद प्रकृयालाई पारदर्शी र प्रतिस्पर्धी बनाइने छ ।

一百八十九. योजनाको लागत अनुमान सम्झौता भूक्तानी र प्रगति विवरण सार्वजनिक गरिनेछ ।

一百九十. आन्तरिक नियन्त्रप्रर्णाली मजबुत बनाउने

一百九十一. बेरुजु न्यूनीकरण तथा फर्छ्यौटलाई प्राथमिकता दिइनेछ ।

一百九十二. अनावश्यक खर्च कटौती गरिनेछ ।

一百九十三. सवारीसाधन इन्धन भ्रमण तथा बैठक खर्चलाई सिमित गरिनेछ ।

一百九十四. सार्वजिनक पदधारकलाई नवप्रद्धनात्मक क्रियाकलापहरुमा संलग्न हुन प्रेरित गरिनेछ ।

## तथ्याङ्क प्रणाली योजना र विकास व्यवस्थापन

一百九十五. यस नगरपालिलकाको सम्पूर्ण तथ्याङ्कलाई एकिकृत गर्दै विकास र योजनासँग जोडेर कार्यक्रम निर्माण गरिनेछ ।

## संगठन संरचना र दरबन्दी

一百九十六. चामुण्डाविन्द्रासैनी नगरपालिकाको मितव्ययी सांगठनिक स्वरुप तथा दरवन्दी संरचना निर्माण गर्न **संगठन तथा व्यवस्थापन सर्भेक्षण (0&M)**ले मार्गदर्शन गरेका स्वीकृत दरन्दी संरचनामा पनि थप आर्थिक व्यय भार नपर्ने गरी नेपाल सरकारले जारी गरेको नयाँ मापदण्ड बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पालिकाको प्रशासनिक संरचना खडा गरिनेछ । साथै प्रशासनिक संरचनालाई कार्यमूलक र चुस्तदुरुस्त बनाइनेछ ।अनावश्यक संगठन संरचना तथा दरवन्दीहरु खारेज गरिनेछ ।

## सुशासन र सेवा प्रवाह

一百九十七. "सुशासनलाई सेवा मुस्कान सहितको सेवा"अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

一百九十八. सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहलाई जोड दिइने छ ।

一百九十九. आगामी आ.व.०८३/०८४ लाई बेरुजु फर्छ्यौट बर्षको रुपमा लिइने छ ।

二百. पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनलाई विशेष ध्यान दिइनेछ ।

二百〇一.  सेवा प्रवाहमा एकिकृत सेवा प्रवाह प्रणाली लागु गरिनेछ ।

二百〇二.  नागरिक गुनासो व्यवस्थापन प्रर्णालीलाई प्रभावकारी बानाइने छ ।

二百〇三.  वडा कार्यालयहरुमा अनलाइन सिफारिस र दर्ता प्रणालीलाई लागु गरी सेवा प्रवाह चुस्तदुरुस्त बनाइनेछ ।

二百〇四.  विकास निर्माण लगायत नागरिक सरोकारका विभिन्न विषयको सम्बोधन गरी जनअपेक्षा बमोजिम कार्य गर्न प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइ कार्यक्रम गरिनेछ ।

二百〇五.  नगरपालिका र अन्तर्गतका कार्यालय तथा शैक्षिक संस्थाहरुमा अनिवार्य डिजिटल हाजिर लागु गरिनेछ ।

二百〇六.  सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षणको लागि बस्ती तथा टोल स्तरमा जनचेतना अभिवृद्धि कार्यक्रम सन्चालन गरिनेछ।

二百〇七.  सार्वजिनक प्रशासनलाई प्रभावकारी उत्तरदायी पारदर्शि बनाउन र कर्मचारीलाई कर्तव्यप्रति जिम्मेवार बोध गराउन अनुगमन समिति गठन गरी नगरपालिका र अन्तर्गतका कार्यालयको अनुगमन मूल्याङ्कन कार्यलाइ नियमित र प्रभावकारी बनाइने छ ।

二百〇八.  सूचक (Key Performance Indicator) मा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागु गरी कार्यसम्पादनमा उत्कृष्ट हुने कर्मचारीलाइ सम्मान तथा पुरस्कृत गरिनेछ ।

二百〇九.  बजार अनुगमन टोली गठन गरी अनुगमन कार्यलाइ नियमित र प्रभावकारी बनाइने छ ।

二百一十.  प्रत्येक महिनाको एकऽ दिन सामुहिक सरसफाइ दिवस घोषणा गरी मेरो टोल सफा टोल स्वच्छ नगर अभियान सन्चालन गर्ने नीति अ वलम्बन गरीने छ ।

**आदरणीय नगरसभाका सदस्यहरू,**

यो नीति तथा कार्यक्रमको "**समृद्ध नेपाल सुखी नेपालीको** राष्ट्रिय आकाँक्षालाई आत्मसाथ गर्दै "**समृद्ध नगरः सुखी नगरवासीको** चामुण्डाबिन्द्रासैनी मुल ध्ययका साथ **"आर्थिक, सामाजिक, दिगो विकासका लागि पूर्वाधार र प्रविधिः सुशासनयुक्त समृद्ध चामुण्डाविन्द्रासैनी नगरपालिकाको समृद्धि"** को नारा हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रबिन्दु आम नागरीक हुनेछन् ।सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ । चामुण्डाविन्द्रासैनी नगरपालिकाले प्राथामिकताका साथ कार्यान्वयनमा ल्याई समयमै दिगो विकासको लक्ष्य पुरा हुनेमा विश्वास लिएको छु ।

अन्त्यमा, यस नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधिहरु, सरकारी निकाय, राजनीतिक दलहरु, साझेदार निकायहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव र सहयोग हुनेमा विश्वस्त छु ।गरिमामय यस नगरसभाको १९ औ अधिवेशनबाट रचनात्मक सुझावको अपेक्षासहित बिदा हुन्छु ।

धन्यवाद !

गणेश कुमार शाही

नगर प्रमुख

चामुण्डाविन्द्रासैनी नगरपालिका, दैलेख